बैठक संख्या : ९१औं (एकानव्वे)

समय :बिहान ९:०० बजे

आज मिति २०८० माघ २४ गते विदुर नगरपालिकाका प्रमुख श्री राजन श्रेष्ठ ज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिका बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | प्रमुख | |
| २ | श्री प्रभा बोगटी | उप प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्यामकृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रबिन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री बाबुराम तमाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत बहादुर तमाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिव बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तमाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री विन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री विनोद कुमार खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

Scanned with CamScanner

# ९१ औँ कार्यपालिका बैठक (२०८०।१०।२४)

**विषय सूची**

१. गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा
२. आ.व. २०८१।०८२ को सङ्घीय समपुरक र विशेष अनुदान सम्वन्धमा
३. संघीय क्रमागत समपुरक र विशेष अनुदान योजना सम्वन्धमा
४. जलश्रोत/खानेपानी/सिंचाई तथा मुहान दर्ता सम्वन्धमा
५. अदुवा तथा वेसार पकेट कार्यक्रम सम्वन्धमा
६. प्रारम्भीक मल कारखाना सम्बन्धमा
७. विविध
   क) अध्ययन विदा सम्वन्धमा
   ख) योजना म्याद थप सम्बन्धमा
   ग) पिपलटार लिफ्ट सिचाइ आयोजना

**निर्णयहरू**

**प्रस्ताव नं १:** गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा

**निर्णय नं १:** यस नगर कार्यपालिकाको ९० औं बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्वन्धित शाखाहरुलाई निर्देशन दिने ।

**प्रस्ताव नं २:** आ.व. २०८१।०८२ को सङ्घीय समपुरक र विशेष अनुदान सम्बन्धमा

**निर्णय नं २:** क) यस नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ का लागि संघीय समपुरक अनुदान सम्वन्धी कार्यविधि २०७७ को दफा ३ अनुसार निम्न लिखित योजना छनौट गरी पठाउने ।

निम्न

१। ऐतिहासिक, पुरातात्विक नुवाकोट दरबार क्षेत्र गुरूयोजना कार्यान्वयन, विदुर २
२। रानीस्वारा पुल देखि डेउडी हुँदै कागुने सडक स्तरोन्नती, विदुर १३
३. ठूलोगाउँ देखि मनकामना समेत मन्दिर निस्कने मोटरबाटो कालोपत्रे, विदुर ५
४. मान्द्रेढुंगा ड्यामबाट मुलथला बुहुनीवेसी हुँदै विदुर ३ समेतको फाँट सिंचाइ, विदुर ६
५. वडा नं को १ प्रशासकीय भवन, विदुर १

Scanned with CamScanner

ख) यस नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ का लागि संघीय विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ को दफा ३ अनुसार निम्न लिखित योजना छनौट गरी पठाउने ।

निम्न

१. स्यानीटरी ल्याण्डफिल्ड साइट निर्माण, विदुर ४ (क्रमागत)

२. गदियाखोला भाल्चे मुहान देखि वडा नं १,७,८,९ खानेपानी योजना, विदुर १,७,८,९ (क्रमागत)

३. शेरा बाहुनडाडा कपास खोरिया फोहोरमैला व्यवस्थापन, विदुर २

४. सिंहाले दुधेलामा कालिका देखि वितलबसम्म पथमार्ग निर्माण, विदुर ११

५. बेलटारी गेर्खुखोला चिसापानी बेसीगाउँ माझगाउँ चिन्ने फलाटे, विदुर १०

प्रस्ताव नं ३: संघीय क्रमागत समपुरक र विशेष अनुदान योजना सम्बन्धमा

निर्णय नं ३: गत आ.व. २०७९।०८० र चालु आ.व. २०८०।८१ देखि संचालनमा रहेका तपसिल बमोजिमका क्रमागत योजनाहरूको हकमा आन्तरिक श्रोत परिचालन गरी तथा अन्य निकायहरूमा रकम माग गर्ने भएकोले सो योजनाहरूको लागि राष्ट्रिय योजना आयोगमा रकम माग नगर्ने ।

तपसिल

१. विदुर जलविहार तथा पर्यटकिय पार्क, विदुर ९ (आ.व. २०८०/०८१)

२. वेत्रावती देखि केराघारी हुँदै महविर सडक स्तरोन्नती, विदुर १० (आ.व. २०७९/०८०)

३. देउराली डाँडा माले भञ्याङ पिकनीक पार्क निर्माण, विदुर १२ (आ.व. २०७९/०८०)

प्रस्ताव नं ४ : जलस्रोत/खानेपानी/सिंचाइ तथा मुहान दर्ता सम्बन्धमा

निर्णय नं ४: साविक जिल्ला विकास समिति नुवाकोटबाट २०७४ सालमा हस्तान्तरण भइ आएको श्रेस्ता विवरण अनुसार २०६ वटा खानेपानी तथा सिंचाइ सम्बन्धी उपभोक्ता समितिहरुमध्ये अधिकांश हालसम्म पनि प्यान दर्ता नभएका र नविकरण समेत नगरेको हुँदा त्यस्ता समितिहरूलाई प्यानमा दर्ता गरी नविकरण गर्न ३५ दिने सूचना प्रकाशन गर्ने र सो अवधि भित्र प्यान दर्ता र नविकरण नगरेमा समितिहरू खारेज गर्ने निर्णय सहितको सूचना प्रकाशन गरी सम्बन्धीत वडा कार्यालयलाइ परिपत्र गर्ने ।

Scanned with CamScanner

प्रस्ताव नं ५: अदुवा तथा बेसार पकेट कार्यक्रम सम्बन्धमा

निर्णय नं ५: प्रस्तुत विषयमा यस कार्यलयको आर्थिक वर्ष २०८०/०८१ को कार्यक्रम अनुसार अदुवाको पकेट क्षेत्र कार्यक्रमको लागि ११ नं वडा र बेसार पकेट क्षेत्र कार्यक्रमको लागि ५ नं वडामा कार्यक्रम संचालन गर्ने ।

प्राङ्गारिक

प्रस्ताव नं ६: ~~प्रारम्भीक~~ मल कारखाना सम्बन्धमा ।

निर्णय नं ६: बागमती प्रदेश कृषि विकाश निर्देशनालय द्धारा एक प्रदेश निर्वाचन क्षेत्र एक प्राङ्गारिक मल कारखाना स्थापना गर्न आशय पेश गर्न सूचना प्रकाशन भएको र त्यस सूचना अनुसार आशय पेश गर्न यस नगरपालिका पनि इच्छुक रहेकोले एक प्रदेश एक निर्वाचन क्षेत्र एक प्राङ्गारिक मल कारखाना स्थापना कार्यक्रम संचालन कार्यविधि २०८० को दफा (१०) को उपदफा (१) र (२) अनुसार लगानीको दिगोपन र लगानीको सुनिश्चिता हुने गरी आशय पत्र पेश गर्ने र उक्त कारखाना स्थापना गर्न विदुर नगरपालिका वडा नं २ को कि.नं ५२८ जग्गा उपलब्ध गराउने ।

प्रस्ताव नं ६: विविध

निर्णय नं ६:

क) अध्ययन विदा सम्बन्धमा

यस कार्यलय स्वास्थ्य शाखा अन्तरगत तुप्चे स्वास्थ्य चौकीमा सि.अ.न.मी पदमा कार्यरत सरिता पण्डितले छात्रवृत्ति कोटामा त्रिभुवन विश्वविद्यालय चिकित्सा शास्त्र अध्ययन संस्थान पोखरा नर्सिङ क्याम्पसमा BNS तर्फ नाम निकालि भर्ना समेत भइसकेको हुदाँ स्थानीय तहका सेवाको गठन तथा संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७९ को दफा (५९) को उपदफा (१) अनुसार र सोही दफाको उपदफा (४) अनुसार सुविधा पाउने गरी विदा स्विकृत गर्न मुख्यमन्त्री परिषद्को कार्यलय बागमती प्रदेश हेटौंडालाई सिफारिस गरि पठाउने ।

ख) योजना म्याद थप सम्बन्धमा

आ.व २०७८/०७९ देखि निर्माण हुदै आएको तपसीलमा उल्लेखित योजनाको विविध कारणले सम्झौता अवधीमा काम सम्पन्न हुन नसकेकोले मिति २०८० चैत्र मसान्त सम्म म्याद थप गर्ने र सम्बन्धीत शाखालाई निर्देशन दिने।

तपसील:

१. गंगटे आपघारी सडक योजना, विदुर ४

२. हात्तिगौंडा राइसिङ कागुने सडक, विदुर ८,१३

ग) पिपलटार लिफ्ट सिचाइ आयोजना, विदुर ५

पिपलटार लिफ्ट सिचाइ आयोजना, विदुर ५ को डि.पि.आर प्रस्तुत भई डि.पि.आर अनुसार आयोजना संचालनको लागि सम्वन्धित निकाय तथा मन्त्रालयसंग अनुरोध गर्ने ।

Scanned with CamScanner